**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०२ जून २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- राज्यका मुख्यमंत्री सुवेंदु अधिकारीले भन्नुभयो, राष्ट्रीय प्रतीकहरु अनि देशभक्तिको मूल्यहरुको सम्मान अनिवार्य छ।

- आकाशवाणीको ९५ अनि आकाशवाणी खरसाङको ६५औ वार्षिक उत्सव कार्यक्रम मिरिकको गोपाल योञ्जन प्रेक्षागृहमा सम्पन्न भयो।

- उत्तर बंगालका चियाकमानहरूमा चाँड़ै प्रधानमन्त्री चाय श्रमिक योजना लागू हुने भएको छ।

- जिटिएका प्रमुख कार्यपाल अनित थापाले आज रङमुक धोतरिया समष्टिमा नवनिर्मित स्टिल ब्रिजको उद्घाटन गर्नुभयो।

- नेपालका सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (RSP),का अध्यक्ष रवि लामिछानेले भारतीय जनता पार्टीका राष्ट्रिय अध्यक्ष नितिन नवीनसित भाजपा मुख्यालयमा भेट गर्नुभएको छ।

**मुख्यमन्त्री राष्ट्रीय प्रतीकहरु**

राज्यका मुख्यमंत्री सुवेंदु अधिकारीले भन्नुभयो, राष्ट्रीय प्रतीकहरु अनि देशभक्तिको मूल्यहरुको सम्मान अनिवार्य छ। हुगलीमा एक सभालाई संबोधित गर्दै उहाँले भन्नुभयो, "यदी यो देशमा बस्ने हो भने 'वंदे मातरम्' अनि 'जन गण मन' लाई सम्मान गर्नु पर्नेछ, साथै 26 जनवरी अनि 15 अगस्त जस्ता राष्ट्रीय पर्वलाई पनि आदर दिन पर्नेछ|"

श्री अधिकारीले यो पनि घोषणा गर्नुभयो कि स्कूलहरुमा 'वंदे मातरम्'को पाठ अनिवार्य गरिएको छ। उहाँले यसलाई भारतको सांस्कृतिक अनि सभ्यतागत विरासतको हिस्सा बताउनु हुँदै भन्नुभयो, "यही भारतीय संस्कृति हो, यही सनातन संस्कृति हो। भारतलाई हिंदुस्तान अनि इंडिया दुवै नामले चिनिन्छ।

मुख्यमन्त्रीको यो बयान त्यो समयमा आएको हो जब राज्यमा पहिचान, राष्ट्रवाद अनि सांस्कृतिक मुद्दाहरुलाई लिएर राजनीतिक बहस तिव्र बनेको छ।

**आकाशवाणी स्थापना दिवस**

आकाशवाणीको ९५ अनि आकाशवाणी खरसाङको ६५औ वार्षिक उत्सवको अवसरमा सांगीतिक कार्यक्रम मिरिकको गोपाल योञ्जन प्रेक्षागृहमा सम्पन्न भयो। उमेश कार्कीढोली अनि सविता छेत्रीले सञ्चालन गरेको कार्यक्रममा पद्मश्री डा.जी एस योञ्जन प्रमुख रूपमा उपस्थित थिए भने आकाशवाणी कार्यलय प्रमुख एवं क्लस्टर हेड जितेन कुमार रोय, कार्यक्रम सह निर्देशक राजिब सुब्बा, कार्यक्रम निष्पादकद्वय मनन तामाङ, योजना मोहरा, प्रशारन निष्पादक लेखनाथ राई, समाचार विभाग प्रभारी अशोक चौरासिया, साहित्य सुनौ परिवारका अध्यक्ष अमर दुङमाली,गोपाल योञ्जन प्रतिष्ठान मिरिकका अध्यक्ष सुकबहादुर गजमेर,सुचना एवं सांस्कृतिक विभाग मिरिकका प्रभारी मिलन राई, लगायत आकाशवाणी खरसाङका कर्मचारी साथै अन्यको उपस्थिति रहेको थियो। कार्यक्रममा पद्मश्री डा.जी एस योञ्जनलाई सम्मान जनाइयो। कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा पद्मश्री डा. जी. एस योञ्जनले आफूलाई आकाशवाणी खरसाङले सम्मान जनाएकोमा आभार प्रकट गरे। कार्यक्रममा वरिष्ठ गायिका तथा संगितकार हिरा रसाईली, प्रवल थापा, रन्जिता सुवार,अभिनव रसाईली अनि सुसान्त मोक्तानले गीत प्रस्तुत गरेका थिए।

कार्यक्रमपछि पत्रकारहरूसँग कुराकानी गर्ने क्रममा कार्यक्रम सह निर्देशक राजिब सुब्बाले गत वर्षदेखि नै आकाशवाणीको नब्बे वर्ष पुरा भएको अवसरमा विविध कार्यक्रमहरू गदै आएको भन्दै आज मिरिकमा सांगीतिक कार्यक्रम आयोजना गरेको जानकारी दिनुभयो।

**मन्त्री अग्निमित्र पाल**

बाल कल्याण तथा शहरी विकास मन्त्री अग्निमित्र पालले आज कोलकाता र वरिपरीको क्षेत्रहरूको पानी जम्ने समस्या समाधान गर्न भ्रमण गर्नुभयो। पत्रकारहरूसँग कुरा गर्दै उहाँले भन्नुभयो राज्य सरकारले मनसुन आउनु अघि पानी जम्ने समस्या समाधान गर्न व्यापक तयारी गरिरहेको छ।

उहाँले भन्नुभयो, मुख्यमन्त्रीको निर्देशनमा, दक्षिण बंगालका विभिन्न क्षेत्रहरूमा नाली, नहर र कल्बटहरु सफा गर्ने काम सुरु भएको छ। विगतमा, राजनीतिक कारणले गर्दा धेरै ठाउँमा पानी निकास हुने च्यानलहरू अवरुद्ध भएका थियो, जसले गर्दा मनसुन मौसममा पानी जम्ने समस्या बढेको थियो। अब, त्यस्ता सबै अवरोधहरू हटाइनेछ र पानी निकास सुनिश्चित गरिनेछ।

उहाँले अझ भन्नुभयो, कोलकाता सहित राज्यका विभिन्न भागहरूमा, जहाँ पानी जम्ने समस्या गम्भीर छ, ठूला पाइपहरू मार्फत नजिकैका जलाशयहरू र पानी स्रोतहरूमा अतिरिक्त पानी मोड्ने योजनाहरू चलिरहेका छन्। जसले पानी जम्ने समस्या कम हुनेछ अनि पानी संरक्षणलाई प्रवर्द्धन गर्नेछ।

यसका साथै उहाँले अर्को वर्ष ठूलो मात्रामा वर्षाको पानी संकलन योजना लागू गरिने जानकारी दिनुभयो। भवनहरूमा वर्षाको पानी संकलन प्रणाली विकास गर्न जोड दिइनेछ ताकि भण्डारण गरिएको पानी लुगा धुने, शौचालय र अन्य घरायसी प्रयोजनका लागि प्रयोग गर्न सकियोस्। यस सम्बन्धमा शनिबार विभिन्न विभागहरूसँगको महत्त्वपूर्ण बैठक पनि तय गरिएको छ।

अवैध अतिक्रमणको मुद्दा बारे मन्त्रीले भन्नुभयो मुख्यमन्त्री यस विषयमा धेरै गम्भीर हुनुहुन्छ। उहाँले स्पष्ट पार्नुभयो, अतिक्रमण हटाउने काम कानुनी दायरा भित्र गरिनेछ, तर कुनै पनि गरिब व्यक्तिको जीविकोपार्जनमा अनावश्यक असर पर्ने छैन।

मन्त्रीले भन्नुभयो, महेशतला र वरिपरिका क्षेत्रहरूमा अवस्थित केही जिन्स उत्पादन गर्ने एकाइहरूले एसिडयुक्त फोहोर पानी खाल्डोमा फालिरहेका छन्, जुन त्यसपछि गंगामा पुग्छ र नदीलाई प्रदूषित गर्छ। त्यस्ता कारखानाहरूलाई सूचना जारी गरिनेछ र आवश्यक प्रदूषण नियन्त्रण उपकरणहरू स्थापना गर्न निर्देशन दिइनेछ। उनले चेतावनी दिए कि यदि कुनै एकाइले प्रदूषण नियन्त्रण नियमहरूको पालना गर्दैन भने, यसको सञ्चालनमा प्रतिबन्ध लगाउन सकिन्छ। कोलकाता भ्रमण अवधि महिला अनि शिशु कल्याण मंत्री अग्निमित्रा पालले सरकारी कार्यालयहरु अनि नगर निकायका कर्मचारीहरुको कार्यप्रणालीमा कडा शब्दमा भन्नुभयो जनताको टैक्सको पैसाले अधिकारीहरु अनि कर्मचारीहरुलाई वेतन प्राप्त हुदछ, त्यही कारण सबैलाई आफ्नो कार्य प्रति जवाबदेही हुनु पर्नेछ। उहाँले भन्नुभयो ग्रुप-सी अनि ग्रुप-डी कर्मचारीहरु सहित सबै कर्मिहरुलाई निर्धारित समयमा कार्यालय पुग्ने अनि पूर्ण जिम्मेदारीसित काम गर्न पर्नेछ।

**भारत-बांग्लादेश सीमा- शुन्य रेखा**

भारत-बांग्लादेश सीमामा स्थित शून्य-रेखा (जीरो लाइन) गाउँहरुको पुनर्वासको प्रक्रियालाई तिब्र गर्ने दिशामा सीमा सुरक्षा बल (बीएसएफ) सक्रिय बनेको छ। बीएसएफ,को बुझाई अनुसार पश्चिम बंगालमा सरकार परिवर्तनपछि लामो समयदेखि लंबित मुद्दाको समाधानको संभावना बढेको छ।

बीएसएफका वरिष्ठ अधिकारीका अनुसार, केंद्रीय गृह मंत्रालयले धेरै वर्षदेखि यी गांवहरुको पुनर्वासको पहल गरिरहेको छ। जसमा लागि प्रभावित परिवारहरुलाई पर्याप्त राहत दिने प्रस्ताव पनि तयार छ। अब राज्य सरकारलाई सीमासित सुरक्षित दूरीमा उपयुक्त भूमि चिह्नित गरी अधिग्रहण गर्न पर्नेछ। अधिकारीहरुको भनाई छ कि सीमाको निकट स्थित कृषि भूमि यथावत राख्न सकिनेछ अनि किसान दिनको समय त्यहा खेती-बारीको काम गर्न सक्नेछ।

शून्य रेखा गाउँका ती बस्तिहरु हो जो अंतरराष्ट्रीय सीमा देखि 150 गज भित्र पर्ने गर्छ।

भारत अनि बांग्लादेश बीच 4,096.7 किलोमीटर लामो अंतरराष्ट्रीय भूमि सीमा छ, जस मध्ये 2,216.7 किलोमीटर भाग पश्चिम बंगालसित जोडिएको छ। अधिकारि अनुसार राज्यमा लगभग 360 शून्य रेखा गाउँ छ, जसको कुल जनसंख्या लगभग 70 हजार छ। जसको अधिकांश गाउँ मालदा, मुर्शिदाबाद अनि कूचबिहार जिल्लाहरुमा स्थित छ।

**तृणमूल कांग्रेस**

पश्चिम बंगालमा चुनाव पछिको हिंसाको आरोपलाई लिएर तृणमूल कांग्रेसले आज धर्मतला स्थित वाई चैनलमा धरना कार्यक्रम आयोजित गरेको छ। पार्टी प्रमुख ममता बनर्जीले धरना मंचबाट भाजपा माथि विपक्षी आवाज दबाएको आरोप लगाउनु भयो। यस अवधि ठुलो संख्यामा तृणमूल कार्यकर्ता अनि समर्थकहरु उपस्थित थिए अनि लगातार "जय बांग्ला"को नारा लगाए। ममता बनर्जीले भारतीय जनता पार्टी माथि गंभीर आरोप लगाउदै दिल्लीको इशारामा टीएमसीलाई तोड़ने कोशिश भइरहेको बताउनुभयो।

**उत्तर बंगाल चिया उद्योग बैठक**

उत्तर बंगालका चियाकमानहरूमा चाँड़ै प्रधानमन्त्री चाय श्रमिक योजना लागू हुनेछ। चियाकमानमा कार्यरत् चियाश्रमिकहरूमा विशेष गरी महिला तथा शिशुहरूका लागि यो योजनाबाट लाभ हुनेछ। आज सिलगढ़ीको उत्तरकन्यामा मुख्यमन्त्रीको निर्देशमा चियाकमानलाई लिएर एक अहम बैठक आयोजित भयो।

बैठकमा चिया उद्योगको वर्तमान स्थिति, श्रमिकहरुको समस्याहरु अनि भविष्यको रणनीतिमाथि विस्तारसित चर्चा गरियो । चर्चा अवधि लामो समय देखि बंद अनि बीमार चिया बगानहरुको भविष्य, श्रमिकहरुको जीवन स्तर, स्वास्थ्य, शिक्षा अन सामाजिक सुरक्षा जस्ता मुद्दाहरुलाई प्राथमिकता दिइयो।

बैठक पछि सांसद राजू बिष्टले भन्नुभयो, उत्तर बंगालको चिया उद्योगको समग्र विकास नै मुख्य उद्देश्य हो। उहाँले आरोप लगाउनु भयो कि केंद्र सरकार द्वारा चाय श्रमिक कल्याण योजना अन्तर्गत आवंटित एक हजार करोड़ रुपियाँमा लगभग 313 करोड़ रुपियाँ राज्य सरकारको तर्फबाट प्रस्ताव न पठाएको कारण खर्च हुन सकेन। उहाँले उक्त राशिको उपयोग चाडै चिया बागान श्रमिकहरुको कल्याण, स्वास्थ्य सेवाहरु अनि बुनियादी ढांचाको विकासमा गरिने बताउनु भयो। उहाँले कड़ा संदेश दिँदै भन्नुभयो कुनैपनि चिया बागान बंद हुनेछैन । सबै बंद बगानहरुलाई चाडै खोलने पहल गरिनेछ। चिया बगानहरुको जमीनमा होटल बनाउने कोशिश सहन गरिने छैन अनि बगानमा केवल चियाको खेती गरिनेछ। उहाँले भन्नुभयो, भविष्यमा यस मुद्दामाथि अझ विस्तृत कार्ययोजना तयार गरिनेछ। बैठकमा उत्तर बंगाल विकास एवं खेल मंत्री निशीथ प्रमाणिक, सांसद मनोज टिग्गा अनि विधायक विशाल लामा समेत कयौ जनप्रतिनिधि उपस्थित थिए। यसका साथै टी बोर्डका अधिकारी अनि प्रशासनिक प्रतिनिधिहरु पनि उपस्थित थिए।

**रङमुक धोतरिया स्टिल ब्रिज उद्धाटन**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका केन्द्रीय अध्यक्ष तथा जिटिएका प्रमुख कार्यपाल अनित थापाले आज रङमुक धोतरिया समष्टिमा नवनिर्मित स्टिल ब्रिजको उद्धाटन गर्नुभयो। यस अवसरमा उहाँले जिटीए चुनाव जितेपछि अति आवश्यक कामहरूलाई आफूहरुले प्राथमिकता दिएको अनि सोही प्राथमिकता अनुरुप धोतरिया रङमुक अन्तर्गत काम भएको
बताउनु भयो। श्री थापाले उद्धाटन गरिएको रङ्गबुल खोलामाथिको ६१ मिटर लामो स्टिल ब्रिज त्यसैको परिणाम रहेको पनि बताउनु भयो। उहाँले भन्नुभयो, बिजीपीएम पार्टी स्पष्ट भिजन लिएर जन्मिएको पार्टी थियो, आज पनि छ अनि भोलि पनि रहनेछ। उहाँले GTA राज्यको एक्ट मुताबिक बनिएको व्यवस्था हो। त्यसर्थ राज्यसँग मिलेर नै काम गर्ने बताउनु भयो। पञ्चायतका सदस्यहरूले पार्टी त्याग गरिरहेको सन्दर्भमा श्री थापाले जहाँ गएपनि आफ्नो पार्टीको विचार अनि सिद्धान्त लिएर जाने अनुरोध गर्नुभयो।

**भारतीय जनता युवा मोर्चा- आभार**

भारतीय जनता युवा मोर्चा (BJYM) दार्जिलिङ जिल्लाका अध्यक्ष निरज बन्तावा राई तथा सम्पूर्ण BJYM टोलीले दार्जिलिङका सांसद बिष्टप्रति आभार व्यक्त गरेको छ।

आज एक प्रेस भेलाको आयोजन गर्दै रोहिणी टोल कर बन्द गराउने विषयमा सांसद ज्यूले लिनुभएको पहल तथा दार्जिलिङ हिमालयन रेलवेमार्फत विद्यालयका विद्यार्थीहरूका लागि रेल सेवा सञ्चालन गर्ने प्रस्ताव अघि बढाउनुभएको कार्य जनहितमा अत्यन्तै महत्वपूर्ण रहेको BJYM टोलीको जनाएको छ। यी कदमले सर्वसाधारण नागरिक, विद्यार्थी तथा अभिभावकहरूलाई

ठूलो राहत पुग्ने विश्वास व्यक्त गर्दै BJYM दार्जिलिङले सांसद बिष्टको दूरदर्शी नेतृत्व र क्षेत्रको विकासप्रतिको प्रतिबद्धताको प्रशंसा पनि गरेको छ।

**गोरामुमो गाँउ पसौ अभियान**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चा लेबोङ भ्याली समष्टिले संगठन विस्तार तथा जनसम्पर्क अभियानलाई तीव्रता दिँदै "गाउँ पसौँ अभियान" लाई व्यापक रूपमा अघि बढाइरहेको छ।
पार्टीका कार्यकर्ताहरू विभिन्न गाउँ–बस्तीमा पुगेर स्थानीय बासिन्दासँग प्रत्यक्ष संवाद गर्दै गोरामुमोको विचारधारा, गोर्खा आन्दोलनको इतिहास, गोर्खा समुदायको अस्मिता तथा अधिकारसम्बन्धी विषयमा जनचेतना फैलाउने कार्यमा सक्रिय रहेका छन्। अभियान अन्तर्गत जनताको घरदैलोमा पुगेर उनीहरूका समस्या, सुझाव तथा अपेक्षाबारे जानकारी लिने कार्यसमेत भइरहेको बताइएको छ।

**मजुवा ग्राम पंचायत अन्नपूर्ण भण्डार**

मजुवा ग्राम पञ्चायतको पाँचवटा वार्डहरूमा अन्नपूर्ण योजनाको आवेदन भर्ने काम धमाधम भइरहेको छ। राज्य सरकारले चुनाउअघि गरेको बाचा अन्नपूर्ण भण्डार योजनालाई प्रत्येक महिला नागरिकहरू सम्म  पुराउन कतिपय दस्तावेज उल्लेख गर्न एउटा तालिका तथा फारम भरेर बुझाउन पर्नेछ। सो फारम भर्ने कार्य ग्राम पञ्चायतले गरिरहेका छन्। यस्तै मजुवा ग्राम पञ्चायतले पनि सो कार्य शुरू गरेको छ। कसैलाई नअत्तालिन आग्रह गर्दै सबै महिला दिदी बहिनीहरूले फारम भर्न सक्ने बताउदै यो ९० दिनको अवधि रहेको जनाए पनि उपभोक्ताहरूको भिडले गर्दा कतिपय असुविधा रहेको कारण अब सबै वार्डहरूमा शिविर राखेर सबैलाई सुविधा दिलाउने ग्राम पञ्चायत प्रधान रोगेन वङदी लेप्चाले जनाएका छ।

**रास्वपा – भाजपा**

नेपालका सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (RSP),का अध्यक्ष रवि लामिछाने र भारत भ्रमणमा रहेको प्रतिनिधिमण्डलले भारतीय जनता पार्टीका राष्ट्रिय अध्यक्ष नितिन नवीनसित भाजपा मुख्यालयमा भेट गरेको छ। यो भेट "भाजपालाई जान" पहलको एक भागको रूपमा भएको हो|  यस अवधि भएको छलफल राष्ट्रिय स्तरदेखि बुथ स्तरसम्म भाजपाको संगठनात्मक संरचना, सदस्यता प्रक्रिया, उम्मेदवार छनोट र तल्लो तहसम्मको पहुँचमा केन्द्रित थियो, साथै भाजपा-RSP पार्टी-टु-पार्टी संलग्नतालाई पनि सुदृढ पार्ने बिषयमा पनि बिचार आदनप्रदान भयो। प्रतिनिधिमण्डलले पार्टीको सञ्चार र ज्ञान स्रोतहरू बुझ्न भाजपा मिडिया सेन्टर र केन्द्रीय पुस्तकालयको पनि भ्रमण गऱ्यो। यसका साथै रास्वपा, का अध्यक्ष रवी लामिछानेले विदेशमन्त्री डा. एस जयशंकरलाई पनि भेट गर्नु भयो।

**विदेश मंत्रालय : पाकिस्तान-नेपाल**

भारतले भनेको छ नेपाल अनि भारतको द्विपक्षीय संबंधमा कुनै तेस्रो पक्षको कुनै भूमिका छैन। विदेश मंत्रालयका प्रवक्ता रणधीर जायसवालले यो कुरा नेपालका प्रधानमंत्रीले भारत-नेपाल सीमालाई लिएर गरेको टिप्पणी अनि त्यसपछि नेपालका विदेश मंत्रालयको तर्फबाट जारी बयानको बारेमा सोधिएको प्रश्नको उत्तरमा भन्नुभएको हो। श्री जायसवालले भन्नुभयो सीमा मुद्दाको सबै आयामहरुलाई सुलझाउनका लागि स्थापित द्विपक्षीय तंत्र हो। उहाँले भन्नुभयो भारत-नेपाल सीमाको लगभग 98 प्रतिशत सीमांकन भइसकेको छ।

**मौसम**

पश्चिम बंगालमा हाल उष्ण गर्मीबाट राहत पाउने कुनै सम्भावना छैन। राज्यको अधिकांश भागमा तापमान 34 देखि 39 डिग्री सेल्सियस बीच रहेको छ, जबकि अधिक आर्द्रताका कारण मानिसहरु वास्तविक तापमान भन्दा अधिक गर्मी महसूस गरिरहेका छन्।मौसम विभाग अनुसार दक्षिण बंगालको धेरै जिल्लाहरुमा, विशेषगरी कोलकाता, हावड़ा, हुगली, पूर्व अनि पश्चिम मेदिनीपुरमा साझतिर गर्जनसहित हल्का देखि मध्यम वर्षा तथा तेज हावा चल्ने संभावना छ। पश्चिम मेदिनीपुर अनि खड़गपुर क्षेत्रमा तापमान 36 देखि 38 डिग्री सेल्सियस बीच रहने अनुमान छ। यहां सप्ताह अवधि कहीं-कहीं गर्जनसहित हल्का वर्षा हुन सक्ने छ।

उत्तर बंगालका जिल्लाहरुमा अपेक्षाकृत अधिक बादल छाइ रहने तथा मध्यम देखि भारी वर्षाको संभावना जताइएको छ।मौसम विशेषज्ञहरुको भनाइ अनुसार मानसूनको राज्यमा प्रवेशसम्म मानिसहरुले गर्मी अनि उष्ण मौसमको सामना गर्न पर्न सक्ने छ।

****** ० ******